**Butwal Campus Journal, Vol. 4, No. 1-2: 191-204, July-December 2021**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v4i1-2.45020

# भाषिक विश्लेषणको संरचनावादी पद्धति

**शेषकान्त पौडेल**

*उपप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.*

***Article History:*** *Received 9 August 2021; Reviewed 20 September 2021; Revised 21 November 2021; Accepted 25 December 2021*

## लेखसार

संरचनात्मक भाषाविज्ञान बीसौँ शताब्दीमा विकसित भएको भाषिक अध्ययनको आधुनिक पद्धति हो । यसको अवधारणा परम्परागत भाषिक अध्ययनभन्दा भिन्न मान्यताका साथ विकसित भएको हो । संरचनात्मक भाषाविज्ञानले भाषिक विश्लेषण गर्दा भाषालाई सिङ्गो संरचना मानी भाषाका संरचक घटकका रूपमा वर्ण, रूप र वाक्यको छुट्टा छुट्टै विश्लेषण गर्नुपर्ने धारणा राख्दछ । यही धारणाका आधारमा वर्णको विश्लेषण गर्दा सामग्रीको सङ्कलन, आलेखन, वर्ण निर्धारणका सन्दर्भमा लघुतम युग्मको चयन, व्यतिरेकी वितरण, मुक्त परिवर्तन, पद्धतिगत समरूपता, वितरणको सीमा आदिका सन्दर्भमा वर्णको विश्लेषण गर्दछ । त्यस्तै गरी रूप विश्लेषणका सन्दर्भमा रूपहरूको निर्धारणका सैद्धान्तिक व्याख्या, रूपका अनेक प्रकार र रूप विश्लेषणका प्रक्रिया वा पद्धतिको विश्लेषण गर्दछ । त्यस्तै गरी वाक्य विश्लेषणका सन्दर्भमा वाक्यका संरचक घटकका रूपमा पदावली र उपवाक्यको विश्लेषण, संरचनाका आधारमा वाक्यका विविध प्रकारको विश्लेषण तथा निकटघटक विश्लेषणका आधारमा सिङ्गो वाक्यात्मक संरचनाको घटकीय सम्बन्धको विश्लेषण गर्दछ । यिनै कुराहरूको व्यवस्थित अध्ययन नै यो लेखको मूल सार हो ।

**शब्दकुञ्जी:** संरचक घटक, आलेखन, लघुतम युग्म, रूपात्मक संरचना, व्यतिरेक, शीर्षपद, निकटघटक

## विषयपरिचय

प्रस्तुत लेख भाषिक विश्लेषणमा संरचनावादी भाषाविज्ञानका दृष्टिकोणको अध्ययनमा केन्द्रित छ । संरचनात्मक भाषाविज्ञानले भाषा अनेक संरचक घटकहरू मिलेर बनेको संरचना हो र भाषिक विश्लेषण गर्दा ती संरचक घटकहरूको छुट्टाछुट्टै विश्लेषण गर्नुपर्छ भन्ने दृष्टिकोण राख्दछ । भाषिक विश्लेषणका सन्दर्भमा वर्ण, रूप र वाक्यको छुट्टा छुट्टै विश्लेषण गर्ने पद्धति संरचनात्मक भाषाविज्ञानले प्रस्तुत गरेको छ । यहाँ संरचनावादी भाषाविज्ञानको परिचय सहित भाषिक विश्लेषणका संरचनावादी पद्धतिलाई वर्ण विश्लेषणसम्बन्धी संरचनावादी धारणा, रूपविश्लेषणसम्बन्धी संरचनावादी धारणा र वाक्य विश्लेषणसम्बन्धी संरचनावादी धारणाका रूपमा छुट्याएर यी शीर्षकअन्तर्गतका विषयलाई विभिन्न शीर्षक उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

## सामग्री सङ्कलन र अध्ययन विधि

भाषिक विश्लेषणमा संरचनावादी पद्धति शीर्षकको प्रस्तुत लेख पुस्तकालयीय विधिबाट प्राप्त सामग्रीका आधारमा तयार गरिएको हो । संरचनात्मक भाषाविज्ञानको परिचय, मान्यता र भाषिक विश्लेषणको क्रममा अध्ययन गरिएका आधार सामग्रीहरू द्वितीय स्रोतका अध्ययन सामग्री हुन् । सैद्धान्तिक आधारका रूपमा अध्ययन गरिएका सामग्रीहरू पूर्णतः पुस्तकालयीय विधिमा केन्द्रित छन् । अध्ययन विधिका रूपमा विश्लेषणात्मक तथा वर्णनात्मक विधिलाई नै प्रमुख विधि मानिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषिक विश्लेषणको संरचनावादी पद्धति शीर्षकको यो लेख भाषाविज्ञानका आधुनिक सम्प्रदायका रूपमा विकसित संरचनावादी भाषाविज्ञानले स्थापित गरेका भाषिक विश्लेषणका आधारमा वर्ण, रूप र वाक्य जस्ता भाषिक एकाइहरूको विश्लेषणमा केन्द्रित छ ।

युरोपेली संरचनावादका रूपमा स्वीजरल्याण्डको जेनेभा विश्वविद्यालयमा जन्मिएर विभिन्न युरोपेली सम्प्रदायका रूपमा विकसित हुँदै अमेरिकी संरचनावादका रूपमा ब्लुमफिल्डका संरचनावादी धारणाबाट यो सम्प्रदायले पूर्णता प्राप्त गरेको हो । संरचनावादी भाषाविज्ञानमा विकसित विधिन्न सम्प्रदायका केही विशिष्ट सैद्धान्तिक मान्यता भए पनि आधारभूत रूपमा संरचनात्मक भाषाविज्ञानले अपनाएका भाषिक विश्लेषणका मान्यतालाई यो लेखमा प्रमुख सैद्धान्तिक आधार मानिएको छ । यस सन्दर्भमा विशेष गरी अमेरिकी संरचनावादी भाषाविद् ब्लुमफिल्डका धारणालाई आधारभूत सिद्धान्तका रूपमा आत्मसात गरी वर्ण, रूप र वाक्य विश्लेषणका सैद्धान्तिक आधार निर्धारण गरिएको छ । संरचनात्मक भाषाविज्ञानको स्थापनादेखि विभिन्न सम्प्रदायका रूपमा विकसित धारणाहरू नै भाषा विश्लेषणका सैद्धान्तिक आधार हुन् ।

संरचनात्मक भाषाविज्ञान बीसौँ शताब्दीमा विकसित भएको भाषिक अध्ययनको आधुनिक पद्धति हो । भाषा अनेक संरचक घटकहरू मिलेर बनेको संरचना हो र भाषिक विश्लेषण गर्दा ती संरचक घटकहरूको छुट्टाछुट्टै विश्लेषण गर्नुपर्छ भन्ने दृष्टिकोणमा संरचनात्मक भाषाविज्ञान आधारित छ । कुनै पनि भौतिक संरचनाजस्तै भाषा पनि एक संरचना हो । वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य आदिको संयोजनबाट भाषा बन्दछ । संसारका हरेक भाषाको विशिष्ट मौलिक संरचना हुन्छ । त्यस्ता संरचनाको विशिष्ट अध्ययन गर्नु नै संरचनात्मक भाषा विज्ञानको उद्देश्य हो (न्यौपाने र अन्य, २०७०, पृ. ४५) । त्यसैले संरचनात्मक भाषाविज्ञान विशिष्ट भाषिक संरचनाको अध्ययनमा केन्द्रित हुनुपर्छ भन्ने धारणा संरचनात्मक भाषाविज्ञानले राख्दछ ।

भाषिक अध्ययनको श्रृङ्खलामा संरचनात्मक भाषाविज्ञानको अवधारणा परम्परागत भाषिक अध्ययनभन्दा भिन्न मान्यताका रूपमा विकसित भएको हो । लेख्य सामग्रीलाई आधार मान्ने परम्पराको विपरीत कथ्य भाषालाई आधार मान्ने, आदेशात्मक पद्धतिका विपरीत वर्णनात्मक पद्धतिमा जोड दिने, भाषिक अध्ययनलाई निश्चित विधि र प्रक्रियाका आधारमा गरिने वैज्ञानिक अध्ययनका रूपमा स्थापित गर्ने र भाषा सिकाइलाई व्यवहारवादी तथा अनुभववादी सिद्धान्तका रूपमा व्याख्या

गर्ने जस्ता परम्पराभन्दा भिन्न अवधारणाका साथ संरचनात्मक भाषाविज्ञानको थालनी भएको देखिन्छ ।

संरचनात्मक भाषाविज्ञानको थालनी बीसैं शताब्दीको द्वितीय दशकमा स्वीजरल्याण्डको जेनेचा विश्वविद्यालयबाट भएको हो । ईशवीय बीसौं शताब्दीको द्वितीय दशकमा भाषाशास्त्री फर्डिन्याण्ड डी. सस्युरका वर्णनात्मक भाषाविज्ञानबाट प्रेरित भई संरचनावादलाई पारिभाषिक रूपमा सर्वप्रथम प्रयोग गरिएको हो (त्रिपाठी, २०४९, पृ. ५५५) । फर्डिन्याण्ड डी. सस्युर संरचनात्मक भाषाविज्ञानका जन्मदाता हुन् । उनी स्वीजरल्याण्डको जेनेभा विश्वविद्यालयका प्रोफेसर थिए । उनले आफूले भाषाविज्ञान पढाउ‘‘दा तयार गरेका टिपोटहरूलाई समेटेर सन् १९१६ मा उनका शिष्यहरू बेली र सेचेहाएले सामान्य भाषाविज्ञानको पाठ्यक्रम प्रकाशन गरे । यहीबाट संरचनात्मक भाषाविज्ञानको थालनी भएको मानिन्छर यसपछि युरोपेली संरचनावाद र अमेरिकी संरचनावादका रूपमा विकसित विभिन्न सम्प्रदायबाट संरचनावादी भाषिक विश्लेषणका सैद्धान्तिक आधारहरू निर्माण भएका छन् । यसै सन्दर्भमा यहाँ युरोपेली संरचनावाद र अमेरिकी संरचनावादसम्बन्धी धारणा प्रस्तुत गरिएको छ ।

## युरोपेली संरचनावाद

स्वीजरल्याण्डको जेनेभा विश्वविद्यालयमा २० औँ शतव्दीको द्वितीय दशकमा सुरु भई यूरोपीय मुलुकमा विभिन्न सम्प्रदायका रूपमा विकसित संरचनावादी पद्धति युरोपेली संरचनावाद हो । भाषा शिक्षणका सन्दर्भमा फर्डिन्याण्ड डी.सस्युरले सन् १९०६ देखि १९११ सम्म तयार गरेका व्याख्यान टिपोटहरूलाई संकलन गरेर उनका शिष्यहरू बेली र सेचेहाएले प्रकाशन गरेको अयगचकभ मभ ष्लिनगष्कतष्त्रगभ नभलभचर्बा बाट आधुनिक संरचनात्मक भाषा विज्ञानको जन्म भएस‘‘गै यूरोपेली संरचनावादको थालनी भएको हो (पौड्याल, २०६७, पृ. १२२) । यसपछि युरोपका विभिन्न मुलुकमा छुट्टाछुट्टै सम्प्रदायका रूपमा विकसित हुँदै भिन्न भिन्न सम्प्रदायका केही विशिष्ट अवधारणा सहित संरचनात्मक भाषाविज्ञानको विकास भयो । यसै क्रममा जेनेभा सम्प्रदाय, रसियाली सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, कोपेनहेगेन सम्प्रदाय आदि जस्ता सम्प्रदाय युरोपमा विकसित भए । परम्परागत भाषा चिन्तनभन्दा भिन्न प्रवृत्तिका रूपमा संरचनात्मक भाषा विज्ञानले आत्मसात गरेका साझा धारणाका अतिरिक्त यी विभिन्न सम्प्रदायले भाषाका विषयमा केही विशिष्ट धारणाहरू पनि प्रस्तुत गरे ।

जेनेभा सम्प्रदाय संरचनात्मक भाषाविज्ञानको पहिलो सम्प्रदाय हो । भाषालाई सङ्केत व्यवस्थाका रूपमा चर्चा गर्दै सङ्केतक र सङ्केतितसम्बन्धी धारणा, वस्तु र रूपसम्बन्धी धारणा, भाषा र वाक्सम्बन्धी धारणा, विन्यासक्रमिक र सहचारक्रमिक धारणा अनि समकालिक र कालक्रमिक अध्ययनसम्बन्धी धारणा प्रस्तुत गर्नु जेनेभा सम्प्रदायको प्रमुख विशिष्टता देखिन्छ (बन्धु, २०६४, पृ. ४५) । त्यस्तै गरी चेकोस्लोभाकियाको राजधानी प्रागमा सन् १९२६ मा भाषाको अध्ययनमा लागेका केही विद्वान्हरू मिलेर प्राग् भाषिक मण्डलको स्थानमा गरे । त्यसैलाई प्राग् सम्प्रदाय भनियो । मेथेसियसको अध्यक्षतामा गठित यो सम्प्रदायमा याकोब्सन, त्रुवित्स्कोय आदि भाषाविद्हरू सक्रिय रहे । भाषालाई परिधीय व्यवस्थाभित्रको केन्द्रीय व्यवस्था मान्नु, समकालिक

अध्ययन पनि गतिशील हुन्छ भन्ने धारणा राख्नु, भाषाको मानक रूप लचिलो हुनुपर्छ भन्ने दृष्टिकोण राख्नु, साहित्यिक भाषा सामान्य भाषाभन्दा भिन्न हुन्छ भन्ने मान्यता राख्नु, ध्वनिविज्ञान र वर्णविज्ञानलाई भाषाविज्ञानका अलग शाखा मान्नु, वर्ण विश्लेषणमा विभेदक अभिलक्षणासम्बन्धी धारणा राख्नु आदिजस्ता विशिष्ट अवधारणाका साथ प्राग् सम्प्रदाय क्रियाशील देखियो । युरोपेली संरचनावादभित्र अर्को महत्त्वपूर्ण सम्प्रदायका रूपमा कोपनहेगन सम्प्रदाय देखा पर्‍यो । डेनमार्कको कोपनहेगन विश्वविद्यालयमा क्रियाशील भाषाविद्हरू रास्क, यस्पर्सन, यल्मस्लव, उल्डाल आदिको समूह यसमा क्रियाशील रह्यो । भाषाको अध्ययन गर्ने विषयलाई ग्लासिमविज्ञान मान्नुपर्ने धारणा राख्नु, भाषालाई कथ्य र अभिव्यक्तिको योग मान्दै कथ्य रूप (अर्थप्रतिको भाषिक धारणा) कथ्य पदार्थ (वास्तविक वस्तु वा भाव) अभिव्यक्ति रूप (उच्चरित स्वरूप) र अभिव्यक्ति पदार्थ (ध्वनि) का रूपमा चर्चा गर्नु, वर्ण विश्लेषणमा प्रतिनिधान परीक्षणको धारणा राख्नु आदि विशिष्ट धारणाहरू यस सम्प्रदायमा दिखिए । यी बाहेक युरोपेली संरचनावादभित्र रसियाली सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय लण्डन सम्प्रदायजस्ता अन्य समूह पनि क्रियाशील भए ।

## अमेरिकी संरचनावाद

अमेरिकी संरचनावादबाट नै संरचनात्मक भाषाविज्ञानले पूर्णता प्राप्त गरेको मानिन्छ । युरोपेली भूमिबाट अमेरिका गएका र अमेरिकामै बसोबास गर्दै आएका विद्वान्हरूले व्यक्त गरेका भाषिक अध्ययनसम्बन्धी संरचनावादी दृष्टिकोणबाट अमेरिकी संरचनावादको विकास भएको हो । भाषाविज्ञानलाई आधुनिक युगमा प्रवेश गराउने र संरचनात्मक भाषाविज्ञानको थालनी गर्ने सस्युरकै संरचनात्मक भाषा वैज्ञानिक अवधारणामा अमेरिकी संरचनावाद विकसित भएको मानिए पनि अमेरिकी भाषाविद्हरू आफ्नो देशमा विकसित संरचनावादी पद्धतिको मौलिकता बोआज र सीपरका विचारमा खोज्दछन् । अमेरिकी संरचनावादको स्वतन्त्र प्रकृति र पृष्ठभूमिलाई हेर्दा यसको विकास अमेरिकामै भएको देखिन्छ तापनि यसको वीज चाहिँ युरोपेली संरचनावादबाट आएको मान्नु पर्छ ( बन्धु, २०६४, पृ. ६०) । अमेरिकी संरचनावादी भाषाविज्ञानको क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण भाषाविद् ब्लुमफिल्ड मानिन्छन् भने उनी पूर्वका बोआज र सपिरका धारणा ब्लुमफिल्डका संरचनावादी दृष्टिकोणका पृष्ठभूमि हुन् । त्यसैले अमेरिकी संरचनावाद ब्लुमफिल्ड पूर्वयुग, ब्लुमाफिल्ड युग र ब्लुमफिल्ड उत्तरयुगका रूपमा विकसित भएको देखिन्छ ।

ब्लुमाफिल्ड पूर्वयुग बोआज र सपिरका संरचनात्मक दृष्टिमा आधारित छ । अमेरिकी संरचनावादको जन्म बोआज (१९५८-१९४२) बाट भएको हो । उनी जर्मनीबाट अमेरिका गएका हुन् । उनले अमेरिकाली अदिवासीहरूको भाषाको अध्ययन गरेर यसैका आधारमा ए हेन्ड बुक अफ अमेरिकन इन्डियन ल्याङगुएजेज (१९११) लेखी भाषा र संस्कृतिलाई एकै साथ प्रस्तुत गरे (पौड्याल, २०६७, पृ. २८) । यसै पुस्तकका माध्यमबाट अमेरिकामा एककालिक वर्णनात्मक भाषाविज्ञानको अध्ययन प्रारम्भ भयो ।

ब्लुमफिल्ड पूर्वका अर्का भाषाविद् एडवार्ड सपिर (१८८४-१९३९) पनि जर्मनीबाट अमेरिका गई भाषिक अध्ययनमा क्रियशील व्यक्ति हुन् । युरोपेली संरचनावादमा विकसित बर्णसम्बन्धी धारणासँग परिचित सपिरले भाषिक सामग्रीलाई वार्णिक आलेखनमा लेख्ने पद्धतिको विकास गरे

(पौड्याल, २०६७, पृ. २८) । बोआज र सपिरले अमेरिकन आदिवासीहरूको भाषाका अध्ययनबाट अमेरिकी संरचनाबादको मौलिक अध्ययन परम्परा सुरु गरे ।

ब्लुमफिल्ड अमेरिकी संरचनावादका सबैभन्दा उत्कृष्ट ब्यक्तित्व हुन् । भाषाको एककालिक वा समकालिक पद्धतिमै केन्द्रित रहेर उनले आफ्नो अध्ययन अगाडि बढाए । उनले भाषाविज्ञानलाई भाषाको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने स्वतन्त्र विषयकारूपमा प्रस्तुत गरे । भाषा १९३३ उनको भाषिक अध्ययन गरिएको सबैभन्दा महत्वपूर्ण पुस्तक हो । व्यवहारवादी सिद्धान्तका आधारमा भाषाको विश्लेषण, वर्णको परिभाषा र वर्गीकरण, रूपको परिचय, प्रकार, रूपविश्लेषणका सिद्धान्त, पदावली संरचना, वाक्य विश्लेषणको पद्धतिका रूपमा निकट घटक विश्लेषण आदिको व्यवस्थित अध्ययन उनले गरेका छन् । उनको समय अमेरिकी संरचनावादको उत्कर्षकाल हो र यसलाई ब्लुमफिल्ड युग भनिन्छ ।

ब्लुमफिल्ड उत्तरयुग ह्यारिस हकेट, स्वाडेस, पाइक, लाङ्गेकर, नाइडा, ट्रेगर, होर्फ आदिका चिन्तनबाट बिकसित युग हो । यस युगमा वर्ण सिद्धान्तका क्षेत्रमा स्वाडेस, पाइक र हकेट, रूप तात्विक विश्लेषणका क्षेत्रमा नाइडा, हकेट र ह्यारिस र व्याकरणका क्षेत्रमा ट्रायगर, हकेट फिजका योगदान महत्त्वपूर्ण मानिन्छन् (बन्धु, २०६४, पृ. ६२ ) । त्यसैले ब्लुमफिल्ड उत्तरकालमा आएर अमेरिकी संरचनावादमा भाषाका विभिन्न पक्षको विशिष्ट अध्ययन भयो ।

यसरी संरचनात्मक भाषाविज्ञान २० औँ शताब्दीको दोस्रो दशकमा स्वीजरल्याण्डमा जन्म भई युरोपका विभिन्न मुलुकहरूमा अनेक सम्प्रदायका रूपमा फैलिदै अमेरिकामा स्वतन्त्र भाषा वैज्ञानिक पद्धतिका रूपमा विकसित भयो । युरोपेली संरचनावाद र अमेरिकी संरचनावादका रूपमा छुट्टाछुट्टै समुदाय विकसित भएपनि भाषिक सिद्धान्तका रूपमा  संरचनावादी भाषाविज्ञान भाषा विश्लेषणको एकीकृत सिद्धान्तका रूपमा स्थापित छ र एकीकृत रूपमा स्थापित भएका संरचनावादी भाषाविज्ञानका धारणाहरू नै यो लेखमा अवलम्बन गरिएका सैद्धान्तिक आधारहरू हुन् ।

## भाषिक विश्लेषणसम्बन्धी संरचनावादी धारणा

संरचनावादीभाषाविज्ञानले भाषिक विश्लेषण गर्दा भाषालाई सिङ्गो संरचना मानी भाषाका संरचक घटकका रूपमा वर्ण, रूप र वाक्यको छुट्टा छुट्टै विश्लेषण गर्नुपर्ने धारणा प्रस्तुत गरेको छ । यस अर्थमा संरचनावादी भाषिक विश्लेषण पद्धतिलाई वर्ण विश्लेषण पद्धति, रूप विश्लेषण पद्धति र वाक्य विश्लेषण पद्धतिका रूपमा चर्चा गरिन्छ ।

## वर्ण विश्लेषणसम्बन्धी संरचनावादी धारणा

संरचनावादी भाषाविज्ञान भन्नाले युरोपेली संरचनावाद र यसअन्तर्गतका विविध सम्प्रदाय अनि अमेरिकी संरचनावाद भन्ने बुझिन्छ । संरचनावादी भाषाविज्ञानमा देखा परेका विभिन्न सम्प्रदायका वर्ण विश्लेषणसम्बन्धी केही आ–आफ्नै विशिष्ट धारणा छन् । प्राय सबै संरचनावादी सम्प्रदायका धारणा समेटिने गरी अमेरिकी संरचनावादी भाषाविद् ब्लुमफिल्डले प्रस्तुत गरेका धारणा संरचनावादी वर्ण विश्लेषणका मान्यताका रूपमा महत्त्वपूर्ण मानिन्छन् । सामग्रीको सङ्कलन, वर्णको

निर्धारण र विश्लेषणका सन्दर्भमा संरचनावादी वर्ण विश्लेषणका मान्यता वा पद्धतिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**सामग्रीको सङ्कलन**

संरचनावादी भाषाविज्ञानमा वर्ण निर्धारणका लागि कथ्य भाषाबाट सामग्रीहरू सङ्कलन गर्नुपर्छ भन्ने मान्यता राखिन्छ । भाषिक उच्चारणमा प्रचलित ध्वनिहरू सङ्कलन गरेपछिमात्र ती ध्वनिहरूलाई आलेखन पद्धतिका रूपमा लेख्य चिह्नमा लिपिबद्ध गरिन्छ ।

**आलेखन**

कथ्य भाषाबाट सङ्कलित ध्वनिहरूलाई लेख्य चिह्नमा लिपिबद्ध गर्ने काम आलेखन हो । संरचनावादी भाषाविज्ञानमा आलेखनलाई सूक्ष्म आलेखन वा ध्वनितात्विक आलेखन र स्थूल वा वार्णिक आलेखनका रूपमा चर्चा गरिएको छ ।

उच्चारणमा रहेका प्रत्येक ध्वनिहरूलाई अलग अलग लेख्य चिह्नका रूपमा लिपिबद्ध गर्नु सूक्ष्म आलेखन हो । यसमा ध्वनिका असीमित भेदहरूलाई छुट्टा छुट्टै लेख्य चिह्नबाट लेख्य रूप प्रदान गरिन्छ । अमेरिकी संरचनावादी भाषाशास्त्री बोआजले प्रस्तुत गरेका सूक्ष्म आलेखनसम्बन्धी धारणा महत्त्वपूर्ण मानिन्छन् र उनका सूक्ष्म ध्वनितात्विक आलेखनसम्बन्धी जटिल प्रक्रियालाई उनका शिष्य सपियरले सरलीकरण गर्दै स्थूल वा वार्णिक आलेखनको धारणा अघि सारेका हुन् (बन्धु, २०६४, पृ. ६७) । भाषामा प्रचलित मिल्दाजुल्दा ध्वनिहरूलाई एउटा वर्णले प्रतिनिधित्व गर्ने गरी सूक्ष्म आलेखनमा रहेका असीमित लेख्य चिह्नलाई सीमित वर्णका रूपमा व्यवस्थित गर्ने काम स्थूल वा वार्णिक आलेखनमा गरिन्छ । संरचनावादी भाषाविज्ञानमा वर्ण निर्धारण प्रक्रियाका रूपमा सूक्ष्म आलेखन र स्थूल आलेखनसम्बन्धी यस प्रकारको धारणा प्रस्तुत गरिएको छ ।

**लघुतम युग्मको चयन**

संरचनावादी भाषाविज्ञानमा वर्ण निर्धारणका लागि लघुतम युग्मको चयनलाई महत्त्वपूर्ण प्रक्रिया मानिएको छ । शब्दका सबैभन्दा साना अर्थयुक्त जोडालाई नै लघुतम युग्म भनिन्छ ( भुसाल,२०७०, पृ. ८२) । लघुतम युग्मको आदि, मध्य र अन्त्यमध्ये कुनै एक स्थानमा वितरण गर्दा उच्चारण र अर्थमा व्यतिरेकी अवस्था सिर्जना गर्ने एकाइ वर्ण हुन् । लघुतम युग्मको समान परिवेशमा वितरणको परीक्षणबाट नै वर्णको निर्धारण गरिन्छ भन्ने धारण संरचनात्मक भाषाविज्ञानको रहेको छ । जस्तैः

....ल, ....ल

माथि उल्लेखित लघुतम युग्मका समान परिवेशमा क ख वितरण गर्दा बन्ने कल र खल व्यतिरेकी अर्थवोधक शब्द निर्माणका आधारमा क र खलाई अलग अलग वर्ण मानिन्छ ।

## व्यतिरेकी वितरण

लघुतम युग्मको समान परिवेशमा भिन्न भिन्न वर्णको वितरणबाट अर्थमा भिन्नता आएको खण्डमा अलग अलग वर्ण मान्ने सिद्धान्तलाई संरचनावादी भाषाविज्ञानमा व्यतिरेकी वितरणको सिद्धान्त मानिएको छ । कुनै पनि भाषामा व्यतिरेकी वितरणबाट अर्थमा भिन्नता ल्याउन सक्ने भूमिकाका आधारमा नै वर्णको सङ्ख्या निर्धारण गरिन्छ र ध्वनि वितरणको व्यतिरेकका आधारमा अर्थमा भिन्नता आउने अवस्थाका आधारमा व्यतिरेकी वर्णहरू निर्धारण हुन्छन् (गौतम र चौलागाईं, २०७०, पृ. १२७) । व्यतिरेकी वितरणका समान परिवेश, भिन्न वर्णको वितरण र अर्थमा व्यतिरेकजस्ता सर्तहरू अनिवार्य हुन्छन् । जस्तैः

....ल,.....ल,....ल,

उल्लेखित लघुतम युग्मका समान परिवेशमा भिन्न वर्णका रूपमा क ख ग वर्णको वितरण गर्दा बन्ने कल, खल र गल शब्दले अलग अलग अर्थ दिनुमा क ख र गको अर्थमा व्यतिरेक ल्याउन सक्ने भूमिका पुष्टि भएको छ । यसैका आधारमा यी वर्णलाई व्यतिरेकी वर्ण मान्नुपर्छ भन्ने सिद्धान्त नै व्यतिरेकी वितरणको सिद्धान्त हो ।

## परिपूरक वितरण

परिवेशका आधारमा विशिष्ट ध्वनिको उच्चारण हुनु वा कुनै एक ध्वनिका ठाउँमा अर्को ध्वनि नआउने र अर्थभेदक पनि नहुने स्थिति नै परिपूरक वितरण हो (भुसाल, २०७०, पृ. ७२) । संरचनावादी भाषाविज्ञानमा वर्ण र संवर्णको निर्धारणका लागि यो सिद्धान्तको उपयोग गरिएको छ । यो सिद्धान्तका आधारमा वर्णमालामा एउटै वर्णको रूपमा निर्धारण भएका तर विशिष्ट परिवेशमा भिन्न ध्वनिका रूपमा उच्चारण हुने वर्ण फरक वर्ण नभएर एउटै वर्णका संवर्ण मानिन्छन् । जस्तैः डाडु शब्दमा वर्णमालामा एउटै वर्णका रूपमा निर्धारित ड वर्ण शब्दादिको परिवेशमा मूर्धन्य ड उच्चारण हुन्छ भने शब्दान्तको परिवेशमा ताडित ड उच्चारण हुन्छ । यस्तो अवस्थामा भिन्न भिन्न ध्वनिका रूपमा उच्चारण हुने अघिल्लो र पछिल्लो ड अलग अलग वर्ण नमानेर एउटै वर्णका संवर्ण मान्नुपर्छ भन्ने मान्यता संरचनावादी भाषाविज्ञानले प्रस्तुत गरेको छ ।

## मुक्त परिवर्तन

परिपूरक वितरणको सिद्धान्तका आधारमा वर्णमालामा अलग अलग वर्णका रूपमा निर्धारण भए पनि एउटै व्यक्तिले पटक पटक उच्चारण गर्दा वा समभाषी फरक फरक व्यक्तिले समान परिवेशमा समान अर्थमा उच्चारण गरेका वर्णहरूलाई एउटै वर्णका मुक्त विभेदक वर्ण मान्नुपर्छ र यस्ता वर्णहरू मुक्त विभेदमा वैकल्पिक रूपमा प्रयोग हुन्छन् । जस्तैः

साडी–सारी

योगी–जोगी

शिकार– शिखार

यी उदाहरणमा समान अर्थमा प्रयोग भएका ड/र, य/ज, क/ख वर्णहरू मुक्त विभेदक वा मुक्त परिवर्तनको सिद्धान्तको आधारमा अलग वर्ण नमानेर मुक्त विभेदक वर्ण मानिन्छन् भन्ने मान्यता संरचनावादी भाषाविज्ञानको रहेको छ । यसलाई तटस्थीकरण वा निर्विसमीकरणको सिद्धान्त पनि भनिएको छ । कुनै परिवेशमा अर्थभेदक भएका स्वतन्त्र वर्णहरू खास परिवेशमा अर्थभेदक नभएर मुक्त विभेदकता भए पनि अर्थमा तटस्थता रहेकाले यसलाई तटस्थीकरणको सिद्धन्त पनि भनिएको हो ।

**पद्धतिगत समरूपता वा नियमितताको धारणा**

यो धारणा वर्णमालाको संरचनासँग सम्बन्धित धारणा हो । कुनै एक वर्गका ध्वनिहरू जुन पद्धति वा ढा‘‘चामा निर्धारण गरिएका छन्, अर्को वर्गका ध्वनिहरूको निर्धारण पनि सोही पद्धति वा ढा‘‘चामा हुने स्थिति पद्धतिगत समरुपता हो । यसलाई ढाँचागत नियमितता वा तार्किक ढा‘‘चाको सिद्धान्त पनि भनिन्छ (भुसाल, २०७०, पृ. ७३) । संरचनावादीहरूले यसलाई वर्णमालाको व्यवस्थित संरचना मानी कुनै एक वर्गको भाषिक ध्वनिको वितरण प्रक्रियाका आधारमा अन्य ध्वनिको वितरण प्रक्रियाको समेत अध्ययन गरिन्छ भन्ने धारणा राख्दछ । जस्तो कि नेपाली वर्णमालामा क वर्गअन्तर्गत क च ट त प अघोष अल्पप्राण वर्णको सङ्ख्या पाँच र ख वर्गमा पनि अघोष महाप्राण वर्णको सङ्ख्या ख छ ठ थ फ गरी पाँच नै भएपछि ग वर्गका सघोष अल्पप्राण र घ वर्गका सघोष महाप्राण वर्णको सङ्ख्या पनि पाँच पाँच वटै हनुपर्छ भन्ने मान्यता राख्दछ ।

**वितरणको सीमाको सिद्धान्त**

सबै वर्णहरू सबै परिवेशमा वितरण हुन सक्दैनन् भन्ने सिद्धान्त वितरणको सीमाको सिद्धान्त हो । संरचनावादीहरूले वर्णमालामा निर्धारण गरिएका सबै वर्णहरू सबै परिवेशमा वितरण हुन नसक्ने भएकाले वितरणको सीमाका आधारमा वर्णको विश्लेषण गरिनुपर्छ भन्ने मान्यता राख्दछन् । जस्तो कि नेपाली वर्णमालाको ङ वर्ण शब्दमध्य र शब्दान्तको परिवेशमा वितरण भए पनि शव्दादिको परिवेशमा वितरण हुन सक्दैन ।

**मितव्ययिताको सिद्धान्त**

संरचनावादीहरू वर्णहरू निर्धारण गर्दा मितव्ययी हुनुपर्छ भन्ने मान्यता राख्दछन् । धेरैभन्दा धेरै मिल्दाजुल्दा ध्वनिहरूको प्रतिनिधित्व एउटै लेख्य चिह्नबाट हुने गरी सकेसम्म सीमित वर्णबाट वर्णमाला निर्माण गर्नुपर्छ भन्ने धारणा संरचनावादीहरूको रहेको छ । यस दृष्टिले नेपाली वर्णमालामा रहेका स्वर र व्यञ्जन वर्णको सङ्ख्याका तुलनामा अङ्ग्रेजी भाषाको सीमित वर्णको व्यवस्था प्रभावकारी मानिन्छ ।

यसरी संरचनावादीहरू वर्ण निर्धारणको लागि सामग्री सङ्कलनदेखि वर्णको निर्धारण र विश्लेषणका सन्दर्भमा आफ्नो विशिष्ट दृष्टिकोण प्रस्तुत गरेका छन् ।

## रूप विश्लेषणसम्बन्धी संरचनावादी धारणा

रूप भाषाको सबैभन्दा सानो अर्थयुक्त भाषिक एकाइ हो । भाषिक अध्ययनको सन्दर्भमा भाषाका न्यूनतम् अर्थयुक्त एकाइका रूपमा उपसर्ग, प्रत्यय, धातु, प्रातिपदिक आदिको चर्चा भए पनि भाषिक रूपसम्बन्धी धारणा अमेरिकी संरचनावादी भाषाविद ब्लुमफिल्डले प्रस्तुत गरेका हुन् (न्यौपाने र अन्य, २०७०:६७) । यसपछि ब्लुमफिल्ड लगायत अन्य संरचनावादी भाषाशास्त्रीहरूले समेत रूपको निर्धारण, विश्लेषण र वर्गीकरणका सन्दर्भमा विभिन्न सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । तिनै दृष्टिकोणहरूलाई यहाँ रूप विश्लेषसम्बन्धी संरचनावादी धारणाका रूपमा प्रस्तुत गरिएको छ ।

कुनै पनि भाषामा प्रचलित भाषिक संरचनाभित्र रूपहरू निर्धारण गर्ने सैद्धान्तिक आधारका सन्दर्भमा संरचनावादी भाषाविज्ञानमा गहन विश्लेषण गरिएको छ । रूप भनेको त्यस्तो भाषिक एकाइ हो, जसले अन्य कुनै भाषिक रूपसँग आंशिक रूपमा पनि ध्वनितात्विक तथा अर्थतात्विक समानता देखाउँदैन (बन्धु, २०६४, पृ. ७०) । संरचनावादी भाषाविद् ब्लुमफिल्डको यो धारणाका केन्द्रीयतामा रूप निर्धारणका आधारस्वरूप सिद्धान्तका रूपमा संरचनात्मक भाषाविज्ञानमा निम्न लिखित रूप निर्धारणका आधारहरूको चर्चा गरिएको छ ।

### क) अर्थगत भिन्नताको आधार

संरचनागत दृष्टिले समान भए पनि भाषिक संरचनामा फरक फरक अर्थ बुझाउने रूपहरू अलग अलग रूप मान्नुपर्छ भन्ने मान्यता अर्थगत भिन्नताको आधार हो । जस्तो कि

कलले कपडा सिलाइन्छ ।

कलले मित्रता बिगार्छ ।

यहा" पहिलो वाक्यमा आएको कल र दोस्रो वाक्यमा आएको कल संरचनात्मक दृष्टिले समान भए पनि अर्थमा भिन्न भएकाले यी दुई वाक्यमा आएका कललाई फरक फरक रूप मान्नुपर्छ ।

### ख) संरचनागत भिन्नताको आधार

संरचनात्मक रूपमा भिन्न भएका लघुतम अर्थयुक्त एकाइ नै रूप हुन् । कतिपय अवस्थामा भाषिक संरचनाभित्र एउटै परिवेशमा र एउटै अर्थमा प्रयोग भए पनि संरचना फरक भएमा त्यस्ता रूपलाई फरक रूप मान्नुपर्छ भन्ने मान्यता संरचनात्मक भिन्नताको आधार हो । जस्तो कि पृथ्वी–धरती, आमा–माताजस्ता शब्दहरू अर्थका दृष्टिले समान भए पनि संरचनागत भिन्नताको आधारमा अलग अलग रूप मान्नुपर्छ ।

### ग) परिवेशगत भिन्नताको आधार

एउटै रूप भिन्न परिवेशमा भिन्न संरचनामा प्रयोग भएमा अलग अलग रूप नमानेर एउटै रूपका संरूप मानिन्छ भन्ने सैद्धान्तिक आधार परिवेशगत भिन्नताको आधार हो र यो रूप र संरूप निर्धारण गर्ने आधार हो । जस्तैः

सम्+कल्प = सङ्कल्प /सङ्/

सम्+देश= सन्देश /सन्/

सम्+चय=सञ्चय /सञ्/

माथिका उदाहरणमा सम् उपसर्ग कल्प, देश र चयको साथमा आउँदा सङ्,सन् र सञ् जस्ता भिन्न भिन्न संरचनामा प्रयोग भएका छन् । परिवेशगत भिन्नताका आधारमा आएका यस्ता रूपहरूलाई अलग रूप नमानेर एउटै रूपका संरूप मानिन्छ ।

**घ) मुक्त विभेदक आधार**

कतिपय रूपहरू एउटै व्यक्तिले फरक फरक समयमा उच्चारण गर्दा वा फरक व्यक्तिले समान परिवेशमा समान अर्थमा उच्चारण गर्दा रूपात्मक संरचना फरक देखिएमा त्यस्ता रूपलाई मुक्त विभेदक सिद्धान्तका आधारमा भिन्न रूप नमानेर एउटै रूपका मुक्त विभेदक रूप मान्नुपर्छ जस्तैः

खोक्दा रगत आउनु खराब लक्षण हो ।

खोक्ता रगत आउनु खराब लक्षण हो ।

माथिका वाक्यमा प्रयोग भएका खोक्दा र खोक्ता शब्दमा आएका दा र ता समान परिवेशमा र समान अर्थमा प्रयोग भएकाले मुक्त विभेदक रूप मानिन्छन् ।

**रूप विश्लेषणका प्रक्रिया वा पद्धतिसम्बन्धी धारणा**

भाषिक संरचनाभित्र रहेका रूपहरूलाई छुट्याएर देखाउने आधारलाई संरचनावादी भाषाविज्ञानमा रूप विश्लेषण प्रक्रिया वा पद्धतिका रूपमा चर्चा गरिएको छ । अमेरिकी भाषावैज्ञानिक हकेटले रूप विश्लेषणका निम्ति सन १९५४ मा एकाइ र समायोजन अनि एकाइ र प्रक्रिया जस्ता दुई प्रक्रियाको धारणा ल्याए भने पछि यी दुई प्रक्रियाबाट सबै भाषिक संरचनाका रूपहरू छुट्याउन नसकिने देखेपछि एकाइ र रूपावली भन्ने अर्को प्रक्रिया समेत थप गरे (गौतम र अन्य,२०६७, पृ. १०१) । यिनै तीनवटा प्रक्रियालाई रूप विश्लेषणका प्रक्रिया वा पद्धतिका रूपमा निम्न अनुसार चर्चा गरिएको छ ।

**क) एकाइ र समायोजन**

एकाइ र समायोजन प्रक्रिया अनुरेखीय संरचनामा रहेका रूपहरूलाई श्रृङ्खलाबद्ध रूपमा छुट्याएर देखाउने प्रक्रिया हो । यस प्रक्रियाबाट भाषिक संरचनामा क्रमिक रूपमा आएका रूपहरूमात्र छुट्याउन सकिन्छ । जस्तैः सामाजिकता = समाज–इक–ता

**ख) एकाइ र प्रक्रिया**

रूपहरू श्रृङ्खलाबद्ध रूपमा संयोजन नभएका कतिपय शव्दहरूमा एकाइ र समायोजन प्रक्रियाबाट रूपहरू छुट्याउन सकिदैन । त्यस्तो अवस्थामा भाषिक संरचनाको आधार रूप निर्धारण गरी अन्य रूपलाई व्याकरणिक अर्थका माध्यमबाट देखाइन्छ । जस्तैः

दे= दि+आज्ञा

**ग) एकाइ र रूपावली**

एउटा शव्दबाट त्यस शव्दमा रहेका रूपहरू छुट्याइसकेपछि एउटा रूपबाट बुभिने अनेक व्याकरणिक अर्थसमेत खुलाएर रूप विश्लेषण गर्ने प्रक्रिया एकाइ र रूपावली प्रक्रिया हो ।जस्तैः

खायो=खा

यो (एकवचन, पुलिङ्ग, तृतीय पुरुष, अनादर आदि )

## वाक्य विश्लेषणसम्बन्धी संरचनावादी धारणा

संरचनावादीहरूले भाषिक विश्लेषण गर्दा वर्ण, रूप र वाक्यका तहमा गरिनुपर्छ भन्ने दृष्टिकोण राखेका छन् । वाक्यलाई सिङ्गो संरचना मानी वाक्यका संरचक घटकहरूका रूपमा पदावली र उपवाक्यको विश्लेषण गर्दै संरचनाका आधारमा वाक्यका विविध प्रकारको विश्लेषण संरचनावादी भाषाविज्ञानमा गरिएको छ । वाक्य विश्लेषणका सन्दर्भमा संरचनावादीहरूका धारणालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**पदावली र उपवाक्य वाक्यका प्रमुख संरचक घटक हुन् ।**

संरचनावादी भाषाविज्ञानले वाक्यलाई पदावली र उपवाक्यबाट बनेको सिङ्गो संरचना मान्दछ । वाक्यको अध्ययन गर्दा वाक्य संरचक घटकका रूपमा पदावली र उपवाक्यको अध्ययन गर्नुपर्ने धारणा संरचनावादीहरूको रहेको छ ।

**पदावली**

एउटा शीर्ष पदको केन्द्रीयतामा अर्थगत सम्बन्धमा आबद्ध भएर निश्चित क्रममा मिलेर रहेका पदहरूको समूह पदावली हो । सामान्यतया पदावलीको निर्माण दुई वा दुईभन्दा बढी पदहरूको योगबाट हुन्छ तर भाषावैज्ञानिक दृष्टिकोणबाट उद्देश्य र विधेयका रूपमा प्रयोग हुने एक एक पदबाट पनि पदावली निर्माण भएको मानिन्छ । जस्तो कि **राम गयो** । वाक्यमा उद्देश्य जनाउने राम र विधेय जनाउने गयोलाई अलग अलग पदावली मानिन्छ (न्यौपाने, २०५१, पृ. ३०६) । पदावलीको शीर्ष पदले परिधीय पदका रूपमा सम्बन्धित भएर आउने अन्य पदसमेतको वाक्यात्मक कार्य गर्ने भएकाले शीर्ष पदको भूमिकामा रहन सक्ने उद्देश्य र विधेय पदलाई पदावली भनिएको हो ।

पदावली संरचनामा शीर्ष पदको पदवर्गीय भूमिकाका आधारमा पदावलीलाई नाम पदावली, विशेषण पदावली, क्रियाविशेषण पदावली र क्रिया पदावलीका रूपमा चर्चा गरिएको छ । शीर्ष पदका रूपमा नाम पद रही विशेषक वा विस्तारक पदका रूपमा अन्य पदहरू आएको पदावली नाम

पदावली हो । जस्तैः असल केटो, ठूलो घर, ज्यादै ठूलो घर आदि । शीर्ष पदका रूपमा विशेषण पद प्रयोग भई अन्य विस्तारक पदको योगबाट संरचित पदावली विशेषण पदावली हो । जस्तैः ज्यादै राम्रो, असाध्यै ठूलो आदि । शीर्ष पदका रूपमा क्रियाविशेषण रही अन्य विस्तारक पदको योगबाट संरचित पदावली क्रियाविशेषण पदावली हो । जस्तैः बेसरी दैडेर, सुस्तरी बोल्दै आदि । शीर्ष पदका रूपमा क्रिया पद प्रयोग भई अन्य विस्तारक पदको योगबाट संरचित पदावलीक्रिया पदावली हो । जस्तैः दगुर्दै गयो, भर्खरै आएँ आदि ।

संरचनावादीहरूले मूलतः पदावलीलाई नाम पदावली (नाप) र क्रिया पदावली(क्रिप)का रूपमा विश्लेषण गर्दछन् (न्यौपाने र अन्य, २०७०, पृ. ७८) । नाम पदावलीअन्तर्गत उद्देश्य र यसका विस्तारक पदहरू पर्दछन् भने क्रिया पदावलीअन्तर्गत विधेय र यसका विस्तारक पदहरू पर्दछन् । जस्तैः रामको भाइ भर्खरै घर गयो भन्ने वाक्यमा रामको भाइ नाप हो भने भर्खरै घर गयो क्रिप हो ।

**उपवाक्य**

नाप क्रिप संरचनामा बनेका संयुक्त र मिश्र वाक्यका संरचक घटकहरूलाई उपवाक्य भनिन्छ । उपवाक्यलाई स्वतन्त्र उपवाक्य, मुख्य उपवाक्य र अधीन उपवाक्यका रूपमा चर्चा गरिएको छ । उपवाक्यलाई संरचनात्मक भाषाविज्ञानमा पदावलीभन्दा माथिल्लो र वाक्यभन्दा तल्लो भाषिक एकाइका रूपमा चिनाइएको छ । उपवाक्यहरू स्वयम् वाक्य पनि हुन सक्छन् र वाक्यका संरचक घटक पनि हुन सक्छन् । सरल वाक्यमा उपवाक्यहरू स्वयम् वाक्यकै स्तरमा रहन्छन् भने संयुक्त र मिश्र वाक्यमा त्यस किसिमका सरल वाक्यले विभिन्न उपवाक्यको काम गर्छन् ।

संयुक्त र मिश्र वाक्यमा प्रयोग भएका उपवाक्यलाई स्वतन्त्र वा स्वाधीन उपवाक्य, अधीन उपवाक्य र प्रमुख उपवाक्यका रूपमा चर्चा गरिएको छ । वाक्यात्मक संरचनामा स्वतन्त्र वाक्यको हैसियतमा प्रयोग हुने वा कुनै उपवाक्यको अधीनमा नरहने उपवाक्य स्वतन्त्र वा स्वाधीन उपवाक्य हुन् । यस्ता उपवाक्य संयुक्त वाक्यमा निरपेक्ष संयोजकमा जोडिएर प्रयोग हुन्छन् । जस्तैः राम घर गयो र खाना खायो । अधीन उपवाक्य भनेको मिश्र वाक्यमा प्रमुख उपवाक्यको नाम, विशेषण वा क्रियाविशेषण सरह अङ्गवाक्य बन्नसक्ने उपवाक्य हो भने प्रमुख उपवाक्य भनेको मिश्र वाक्यमा अधीन उपवाक्यलाई आफ्नो अङ्ग बनाउन सक्ने उपवाक्य हो । जस्तैः तिमीले जहाँ भन्छौ, म त्यहीँ जान्छु भन्ने वाक्यमा तिमीले जहाँ भन्छौ अव्यय अधीन उपवाक्य हो र म त्यहीँ जान्छु प्रमुख उपवाक्य हो ।

**संरचनाका आधारमा वाक्यका विभिन्न प्रकार हुन्छन् ।**

संरचनावादीहरूले वाक्यलाई विभिन्न घटकहरूको व्यवस्थित क्रमबाट बनेको भाषाको सबैभन्दा ठूलो एकाइ मानेका छन् । वाक्यात्मक संरचनामा एक उद्देश्य र एक विधेय अनिवार्य हुन्छ तर कुराकानीको सन्दर्भमा एउटा मात्र एकाइबाट पनि वाक्यात्मक संरचना निर्माण हुन्छ भन्ने दृष्टिकोण संरचनावादीको छ (न्यौपाने र अन्य, २०७०, पृ. ८१) । यस प्रकारका वाक्यलाई अपूर्ण वाक्य मानी पूर्ण वाक्यका रूपमा सरल, संयुक्त र मिश्र वाक्यको चर्चा संरचनात्मक भाषाविज्ञानमा गरिएको छ ।

एउटा मात्र समापिका क्रिया भएको वाक्य सरल वाक्य हो । सरल वाक्यलाई पनि संरचनात्मक भाषाविज्ञानमा आधारभूत सरलवाक्य र विस्तारित सरलवाक्य गरी दुई प्रकारमा चर्चा गरिएको छ । दुई वा दुईभन्दा बढी स्वतन्त्र वा स्वाधीन उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेको वाक्य संयुक्त वाक्य हो र एउटा प्रमुख उपवाक्य र अन्य अधीन उपवाक्य भएको अनि प्रमुख र अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेको वाक्य मिश्र वाक्य हो । जस्तै:

राम घर गयो । (सरल वाक्य)

राम घर गएर खाना खायो । (बिस्तारित सरल वाक्य)

राम घर गयो र खाना खायो । (संयुक्त वाक्य)

जब राम घर गयो, तब खाना खायो । (मिश्र वाक्य)

**वाक्यका घटकहरूको विश्लेषण निकटघटक विश्लेषण पद्धतिबाट गर्नुपर्छ ।**

वाक्यमा अर्थगत दृष्टिले निकटस्थ शव्दहरूलाई विभिन्न पद्धतिबाट विश्लेषण गर्दै सिङ्गो वाक्यात्मक संरचनाको विश्लेषण गर्ने विधिका रूपमा अमेरिकी संरचनावादी भाषाविद् ब्लुमफिल्डले प्रस्तुत गरेको पद्धति नै निकटघटक वाक्य विश्लेषण पद्धति हो । ब्लुमफिल्डले स्थापित गरेको यो पद्धति पाइक, वेल्स, ह्यारिस आदिका दृष्टिकोणबाट विकसित भएको हो । कुनै पनि संरचनाका दुई टुक्रामा टुक्रिएका नजिकका घटकहरू नै निकटघटक हुन् र त्यस्ता निकटस्थ संरचक घटकहरूको परस्परको सम्बन्ध देखाएने प्रक्रिया नै निकटघटक विश्लेषण हो (बन्धु, २०६४, पृ. ७५) । निकटघटक विश्लेषणका निम्ति आरेख विधि, बाकस विधि, कोष्ठक विधि, ऊर्धरेखात्मक विधि, धर्के विधि आदि विविध पद्धतिको प्रयोग गरिएको छ ।

निकटघटक विश्लेषणमा पहिलो तहमा वाक्यात्मक संरचनालाई नाप क्रिपको घटकका रूपमा छुट्याइन्छ । त्यसपछि क्रमशः पदावली र पदको तहसम्म पुगेर किटस्थ घटकवीचको सम्बन्ध देखाउँदै वाक्यात्मक संरचनाको विश्लेषण गरिन्छ । बाकस विधिबाट गरिएको तलको विश्लेषण उदाहरणका रूपमा देखाउन सकिन्छः

<table>
<tr><td colspan="4">नेपाली विद्यार्थीहरू परिश्रमी छन् ।</td></tr>
<tr><td colspan="2">नेपाली विद्यार्थीहरू</td><td colspan="2">परिश्रमी छन् ।</td></tr>
<tr><td>नेपाली</td><td>विद्यार्थीहरू</td><td>परिश्रमी</td><td>छन् ।</td></tr>
</table>

यसरी निकटघटक विश्लेषणमा वाक्यात्मक संरचनामा रहेका संरचक घटकवीचको निकटताको विश्लेषण गर्दै सिङ्गो वाक्यको घटकीय सम्बन्धको विश्लेषण गरिन्छ ।

## निष्कर्ष

संरचनावादी भाषाविज्ञान आधुनिक भाषाचिन्तन परम्पराको पहिलो खुड्किलो हो । युरोपमा जन्मेर विभिन्न सम्प्रदायका रूपमा विकसित हुँदै अमेरिकी संरचनावादका रूपमा यसले उचाइ प्राप्त गरेको हो । संरचनात्मक भाषाविज्ञानले वाक्यलाई भाषाको सिङ्गो संरचना मानी यसका संरचक घटकका रूपमा वर्ण र रूपको स्वतन्त्र अध्ययन गर्दै वाक्यात्मक संरचनाको अध्ययन गर्नुपर्छ भन्ने धारणा राख्दछ । कुनै पनि भौतिक संरचनाजस्तै भाषा पनि एक संरचना हो । वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्य आदिको संयोजनबाट भाषा बन्दछ । संसारका हरेक भाषाको विशिष्ट मौलिक संरचना हुन्छ । त्यस्ता संरचनाको विशिष्ट अध्ययन गर्नु नै संरचनात्मक भाषा विज्ञानको उद्देश्य हो भन्ने मान्यतामा संरचनात्मक भाषाविज्ञान विकसित भएको हो । यिनै मान्यताका आधारमा संरचनात्मक भाषाविज्ञानले वर्णको विश्लेषण गर्दा सामग्रीको सङ्कलन, आलेखन, वर्ण निर्धारणका सन्दर्भमा लघुतम युग्मको चयन, व्यतिरेकी वितरण, मुक्त परिवर्तन, पद्धतिगत समरूपता, वितरणको सीमा आदिका सन्दर्भमा वर्णको विश्लेषण गर्दछ । त्यस्तै गरी रूप विश्लेषणका सन्दर्भमा रूपहरूको निर्धारणका सैद्धान्तिक व्याख्या, रूपका अनेक प्रकार र रूप विश्लेषणका प्रक्रिया वा पद्धतिको विश्लेषण गर्दछ । त्यस्तै गरी वाक्य विश्लेषणका तहमा वाक्यका संरचक घटकका रूपमा पदावली र उपवाक्यको विश्लेषण, संरचनाका आधारमा वाक्यका विविध प्रकारको विश्लेषण तथा निकटघटक विश्लेषणका आधारमा सिङ्गो वाक्यात्मक संरचनाको घटकीय सम्बन्धको विश्लेषण गर्दछ ।

## सन्दर्भसामग्री

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०६७), *भाषाविज्ञान* (दोस्रो संस्करण), काठमाडौंः पाठ्य सामग्री पसल ।

गौतम, देवीप्रसाद र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

त्रिपाठी, वासुदेव (२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग–२,* काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरानः नेपाल बुक डिपो ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०७०) *भाषाविज्ञानका प्रमुख सिद्धान्त* (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, शालिकराम (२०६७) *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०६४), *भाषा विज्ञानका सम्प्रदाय* (तेस्रो संस्करण), काठमाडौं : एकता बुक्स डिस्टिब्युटर्स प्रा. लि.।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,* काठमाडौं : पाठशाला पब्लिकेसन ।